नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बबरमहल, काठमाण्डौ

## दुईपाङ्ग्रे सवारी साधन बिक्री सम्बन्धी ७(सात) दिने गोप्य सिलबन्दी बोलपत्र आह्वानको सूचना

(सूचना नं. : सम्पत्ति-०८३।८४-३, प्रथम पटक प्रकाशित मिति : २०८३।०५।१८)

**नेपाल सरकारवाट समस्याग्रस्त घोषणा भएको सहकारी/सघंसस्थाहरूको सम्पत्ती व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धि कार्य यस समितिबाट भईरहेको र सो सन्दर्भमा समस्याग्रस्त सहकारी तथा ऋणीहरूबाट जफत गरिएको तपसिल बमोजिमका मोटरसाईकल/स्कुटरहरू समस्याग्रस्त संस्था वा संघको सम्पत्ति लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८३ को दफा ४ को उपदफा (ख) वमोजिम काम नलाग्ने अवस्थामा रहेका कवाडी साधनहरूको न्युनतम मूल्य कायम गरिएको र मूल्यांकित रकमबाट नघट्ने गरी तपसिल बमोजिमको सवारी साधनहरू जहाँ जुन अवस्थामा छन् त्यही अवस्थामा नै खरिद गर्न इच्छुक व्यक्ति/संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र पेश हुन सोही कार्यविधिको दफा १० को अधिनमा रही यसै सूचना मार्फत आह्वान गरिएको छ। थप जानकारी यस कार्यालयको वेब साइट www.coopmc.gov.np मा रहनेछ।**

**क) दुईपाङग्रे सवारी साधन र न्यूनतम मूल्य :**

| क्र.सं. | सवारी साधनको किसिम | सवारी दर्ता नं. | कायम गरिएको न्यूनतम मूल्य |
|---|---|---|---|
| १ | मोटरसाईकल | ग. ३ प १०६८ | १०,०००।- |
| २ | मोटरसाईकल | बा. ५० प ८७४४ | २०,०००।- |
| ३ | स्कुटर | बा. ४३ प २४१९ | ५,०००।- |
| ४ | मोटरसाईकल | ना. १ प ५९७२ | १०,०००।- |
| ५ | स्कुटर | बा.प्र. ०२-०३६ प ६२७३ | ३,०००।- |
| ६ | मोटरसाईकल | बा. ८५ प ७०३६ | १०,०००।- |
| ७ | मोटरसाईकल | बा. ८० प ५४२६ | १०,०००।- |
| ८ | मोटरसाईकल | प्र. ३-०२-१३ प १७७ | १०,०००।- |
| ९ | स्कुटर | बा. ३० प ५०० | ५,०००।- |
| १० | स्कुटर | बा. ३० प ४४६६ | ३,०००।- |
| ११ | इलेक्ट्रिक स्कुटर | | ३,०००।- |
| जम्मा रकम रु. | | | ८९,०००।- |

**ख) सर्तहरू :**

- **माथि उल्लेखित कवाड सवारी साधनहरू जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ।**

- बोलपत्र फारम यसै वेबसाइटमा राखिएको छ । बोलपत्र फाराम अंक र अक्षरमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ । बोलपत्र फारममा खुलाउनुपर्ने व्यहोरा पुर्ण र स्पष्ट हुनुपर्नेछ ।
- शिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको ७(सात) दिन भित्र कार्यालय समयमा यस समितिको कार्यालय, बबरमहलमा बुझाउनु पर्नेछ ।
- बोलपत्रमा बोलपत्रदाताले नाम, ठेगाना, सम्पर्क नं. र हस्ताक्षर सहित शिलबन्दी खामको बाहिरपट्टी स्पष्ट रूपमा लेख्नुपर्नेछ ।
- बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्टरूपमा उल्लेख गर्नुपर्नेछ । यसरी कबोल गरिएको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । बोलपत्र कुनै पनि शर्त रहित हुनुपर्नेछ ।
- बोलपत्रमा कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । कबोल अंकको ५(पाँच) प्रतिशत धरौटी रकम कृषि विकास बैंक, पुतलिसडक, काठमाडौ शाखामा रहेको यस समितिको खाता ( खातावालाको नामः COOPMC SHIVA SHIKHAR, खाता नं. : 0209905362066018) मा जम्मा गरी सक्कल भौचर बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।
- बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर र फर्म, संगठित संस्था वा कम्पनीको हकमा इजाजतपत्र, दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, अधिकार-पत्र र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वयं वा निजको प्रतिनिधी उपस्थित हुनु पर्नेछ ।
- कुनै व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।
- सूचनाको मिति सकिएपछि बोलपत्र खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधी अनुपस्थित भएमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
- लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न पाईने छैन। धरौटी रकममा व्याज दिइनेछैन । बोलपत्र परेको व्यक्ति/संस्थाले स्विकार नगरेमा धरौटी रकम जफत गरिनेछ ।
- म्याद नाघी वा रित नपुगी आएका तथा कुनै शर्त समावेश गरी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
- इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ ।
- बोलपत्र स्वीकृत भएमा निजले सो को लिखित सूचना पाएको ३ (तिन) दिन भित्र कुल कबोल रकमबाट धरौटी रकम घटाई वाँकी हुन जाने रकम सूचनामा उल्लेख गरिए बमोजिमको खातामा जम्मा गरिसक्नु पर्नेछ । तोकिएको समय भित्र पुरा रकम नबुझाएमा धरौटी रकम जफतगरी अर्को अधिकतम बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न सकिनेछ ।
- सवारी साधनहरूको मर्मत सम्भार वा दाखिला खारेज, रजिष्ट्रेशन, नविकरण गर्दा लाग्ने सबै प्रकारका राजश्व, कर तथा लाभकर जस्ता दायित्व खरिदकर्ता स्वयंले नै व्यहोर्नु पर्नेछ ।
- यहाँ नखुलेका अन्य व्यहोरा समस्याग्रस्त संस्था वा सङ्को सम्पत्ति लिलाम विक्रि सम्बन्धी कार्यविधि, २०८३ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।
- बोलपत्र स्विकृत वा अस्विकृत गर्ने वा सो सम्बन्धि निर्णय गर्ने पुर्ण अधिकार यस समितिमा निहित रहने छ ।